


# गाउँपालिका अध्यक्षको मन्तव्य

**आदरणीय सन्दकपुर गाउँपालिका वासी**
**सम्पुर्ण दिदिबहिनी तथा दाजुभाईहरु ।**

यस सन्दकपुर गाउँपालिकाको आ.व २०८०/०८१ को नीति,कार्यक्रम तथा बजेट सार्वजनिकीरण गर्न लागेको पुर्व सन्ध्यामा नेपालमा लोकतन्त्र स्थापनार्थ आफ्नो जीवन आहुति दिनु हुने सम्पुर्ण ज्ञातअज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन एवम् सम्मान व्यक्त गर्न चाहन्छु। साथै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ लागु भए पश्चात राज्य पुनः संरचना भई स्थानीय तहको दोस्रो निर्वाचन पछिको प्रथम वर्षको बजेट,नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको सफलताको शभुकामना व्यक्त गर्दछु ।

इलाम सदरमुकाम देखि उत्तरी क्षेत्रको भौगोलिक विविधता प्राकृतिक श्रोत साधनबाट विकासको सम्भावना वोकेको विविध जातजातिको वसोवास भएको इलाम नगरपालिका,माईजोगमाई गाउँपालिका,भारतको सिक्किम,दार्जिलिङ्ग र पाँचथर जिल्लाको फालेलुङ्ग गाउँपालिका सिमाना छोएर रहेको यो पर्यटकीय र धार्मिक स्थलको रुपमा नामाकरण भएको सन्दकपुर गाउँपालिका इलाम जिल्लाको जनसंख्याको हिसाबले दशौ स्थानमा रहेको पालिकाको रुपमा रहेको छ ।राज्य पुनः संरचना पछिको पहिलो पाँच वर्षमा प्रशासकीय भवन,वडा कार्यालय भवन निर्माण, सडक, खानेपानी, स्वास्थ्य, शिक्षामा भए गरेका कार्यहरु प्रति यस अघिको कार्यकाल व्यतित गर्नु हुने जनप्रतिनिधिहरु तथा कर्मचारी,समाजसेवी,राजनीतिक दलहरु प्रति धन्यवाद तथा आभार प्रकट गर्न चाहन्छु । समयको परिवर्तनसँगै विविध सुविधा, विकासको क्रमको गतिशिलता स्वभाविक रुपमा टड्कारो आवश्यकता स्वत रहन्छ नै । यसै विषय वस्तुलाई परिपुर्ति गर्न प्राप्त भएको बजेट र सम्भावनाको खोजी गरि हाम्रा आवश्यकतालाई सम्बोधन गर्न भर मगदुर प्रयास जारि रहेने प्रतिवद्धता जाहेर गर्दछु ।

नेपाल सरकारले तोकेका नेपालका मुख्य गन्तव्य मध्ये पर्न सफल भएको सन्दकपुर र माईपोखरीमा पर्यटकको आगमनको प्रवल सम्भावना छ । यहाँ रहेका पर्यटक गन्तव्य हुन सक्ने अन्य स्थान टप्पु,छिन्टापु ,हाँगेथाम ,ढाप पोखरी, टोड्के झरना ,मावुथाम,छाँगे झरना, रेडपाण्डा प्रजनन तथा वन्यजन्तु संरक्षण केन्द्र, डाईमन्ड पार्क, सात खाल्डे शहीद पार्क,निर्माणाधीन डम्बर सिंह सुनुवार बहुसाँस्कृतिक संग्रहालय, बुर्जे हात्तीखावा औद्योगिक क्षेत्र, सुतुलुङ ढुङ्गा,मठमन्दिर, गुम्बा, चर्च तथा विभिन्न जातिका धार्मिक स्थलहरु पनि पर्यटनको आकर्षण हुन । त्यस्तै पवित्र माईको उद्गम स्थल जिल्लाको एक मात्र स्थान जहाँ चौरीगाईको अवलोकन काँडेभ्याकुर, ठकठके, कालो सालक र रेडपाण्डा जस्ता लोपोन्मुख वन्यजन्तु चराचुरुङ्गीको अवलोकन र अनुसन्धानको लागि पर्यटकहरुको आकर्षण वनाउन प्रचारप्रसार सामग्री होमस्टे अन्य विद्युतीय सुविधा क्रमिक रुपमा पुर्याउनु पर्ने नै छ। धार्मिक स्थलहरुलाई पर्यटनसँग विकसित गर्ने वातावरण संरक्षणमा माईपोखरी आसपास तथा अन्य क्षेत्रको सिमसार क्षेत्र निर्धारण त्यसको उचित संरक्षण गर्ने रैथाने जातका विरुवा रोपण गर्ने कृषिमा अधिकांस मानिसहरु आधारित रहेको यस गाउँपालिकामा नश्ल सुधार (ए.आई) मा जोड दिने कृषि नगदेवाली,अन्नवालीमा उत्पादनमा बृद्धि कार्यक्रमहरु संचालन गराउने वीमा कार्यक्रम अघि बढाउने शिक्षालाई सर्वसुलभ वनाउने व्यवसायिक शिक्षालाई सुलभ शिक्षाको रुपमा स्थापित गराउने भौतिक प्रविधियुक्त वनाउन प्रयास गरिएको छ । स्वास्थ्य चौकीमा स्वास्थ्य शिविर संचालन गरि आवश्यकता अनुसारको सेवा प्रवाह गर्ने योजना रहेको छ । स्वास्थ्य चौकीमा औषधी सुलभता र कर्मचारीको दरबन्दी पुरा गराई सेवा प्रवाह गराउँदछौ । जेष्ठ नागरिक सम्मान स्वस्थ्योपचारमा सहयोग उपलब्ध गराउँदछौ । वडा-वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाउँछौ,युवा वर्गलाई खेलकुदको लागि सवै वडामा खेल मैदान निर्माण स्तरोन्नति गरी सुविधा प्रदान गर्दछौ । निर्माणाधीन सडकहरु विब्ल्याटे सन्दकपुर सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइने छ,तालगाउँ सानीमाई मावु सन्दकपुर कालोपत्रे बाटो निर्माणाधी रहेकोमा उक्त सडक कालो पत्रे गर्ने कार्यलाई पनि निरन्तरता दियने छ । पुर्वाधार सडक स्तरोन्नतिको निम्ति

पाँच वटै वडामा प्रेषित बजेट अतिरिक्त पालिकाबाट समेत व्यवस्था मिलाएको छौ । जस अनुसार साफकोटा डाँडा,इङ्गला आलेभञ्ज्याङ्ग मिरिक दोबाटेरमिते, खवासडाँडा, याङ्मा, टोड्के झरना, चन्द्रोदय थालीभञ्ज्यायङ्ग सडक,मिरिक, दोबाटे, बोनाहाङ्ग, हात्ति खावा सडक,तोरीबारी हिले सडक स्तरोन्नति तथा विस्तार गरिनुका साथै अन्य थुप्रै सडकहरु को लागि बजेट विनियोजन गरिएको छ।सिंचाईका कार्यक्रम र खानेपानीका साना ठुला योजना संचालनको व्यवस्था गरिएको छ।पालिकाको जोरपोखरी, माईपोखरी पर्यटन विकास र चाँपगैरी, आलुबारी, बिखे सडक बजेट प्राथमिकतामा राखेएको छ ।

यस पालिकाको प्रस्तुत हुदै गरेको बजेटले सम्बोधन गर्न नसकिराखेको शिक्षा तर्फ आवश्यक भौतिक संरचना आन्तरिक व्यवस्थापनको निम्ति,स्वास्थ्य तर्फ आन्तरिक व्यवस्थापनको निम्ति र निर्माणाधिन अस्पतालको निरन्तरताको लागि समेत बजेट निरन्तरता बाहेक अन्य स्रोतको पहिचान केन्द्र,प्रदेश लगायत अन्य दातृ संस्थासँग समन्वयकारी भूमिका निर्वाह गरी थप सहयोगको अपेक्षा गरिएको छ ।दलित, जनजाति, महिला, अल्पसंख्यक, अपाङ्गता भएका ब्यक्तिहरु केन्द्रित सशक्तिकरण कार्यक्रम समावेश गरिएको छ।हामीले प्रतिवद्धता जनाएका कार्यहरु पूरा गर्न दृढ छौ।कृषि आर्थिक विकासको मेरुदण्ड भएको र यस क्षेत्रमा विशेष कार्यक्रमका साथ निरन्तर अघि बढ्नु पर्ने अनिवार्यता महसुस हुँदै गर्दा विभन्न वडाबाट भौतिक पूर्वाधार बाटो तर्फ ध्यान केन्द्रित भएकोले यस वर्ष बाटो स्तरोन्नति तर्फ विनियोजन गरिएको र केन्द्र, प्रदेश अन्य कृषि पशुपालनसँग सम्बन्धित दातृ निकायसँग समन्वय गरी सहकारी कृषक समूह निजी संस्था समेत परिचालन गरिने जानकारी गराउँछौ। आगामी वर्ष कृषि केन्द्रित बजेट हुने जानकारी गराउछौं ।

सन्दकपुर गाउँपालिकाको विविध पक्षमा दिगो विकासको लागि सहयोग पुर्याउन पालिकाका भित्र रहेका सम्पुर्ण राजनैतिक दलसँगको सहकार्य बुद्धिजीवि, संचारकर्मी, समाजक लब्ध प्रतिष्ठित व्यक्तित्व र यस क्षेत्रबाट अन्यत्र गई कार्य गर्दै आउनु भएका विज्ञ व्यक्तित्वहरुको राय सल्लाह सुझाव सहयोगको अपेक्षा गरिएको छ। सिंगो सन्दकपुरको विकासको निम्ति सम्पूर्ण सन्दकपुरबासी दाजुभाई तथा दिदीबहिनी बजेट कार्यान्वयन र सफलताको लागि एक साथ जुटौ,सबै वडाहरुबाट सेवा प्रवाह छिटो छरितो रुपमा हुने नै छ। गाउँपालिका जनप्रतिनिधि, कर्मचारी वर्ग सदैव सेवामा समर्पित रहने विश्वासका साथ आफू सधै सेवामा समर्पित रहने छु।

**जय सन्दकपुर, जय जनता ।**

**तुला राम गुरुङ्ग**
**अध्यक्ष**
**सन्दकपुर गाउँपालिका**

सन्दकपुर गाउँपालिका



# गाउँपालिका उपाध्यक्षको मन्तव्य

आदरणीय सन्दकपुर गाउँपालिका वासी दाजुभाई दिदि बहिनीहरु एवम् सन्दकपुरवासी मतदाताहरु ।

देशमा विभिन्न समयकालमा राष्ट्र राष्ट्रियता र लोकतन्त्र स्थापनार्थ आफ्नो जीवन दान गर्नु हुने ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । आ.व ०८०/०८१ को नीति,कार्यक्रम तथा बजेट कार्यन्वयनको लागि तमाम् सन्दकपुर वासी जनसमुदाय प्रति अपिल गर्दछु। नेपालको संविधान २०७२ जारी पश्चात दोस्रो स्थानीय तह निर्वाचन २०७९ वैशाख ३० गते हामीहरुलाई निर्वाचित गर्राउनु हुने सन्दकपुरवासी मतदाताहरु प्रति आभार प्रकट गर्दछु ।२०७४ सालको स्थानीय तहको निर्वाचित स्थानीय सरकारले सन्दकपुर गाउँपालिकाको विकास निर्माण र समृद्धि प्रति दिनु भएको योगदानको उच्च सम्मान प्रकट गर्दछु साथै बाँकी रहेका विकास निर्माणका कार्य इमान्दारी पुर्वक सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

सन्दकपुर गाउँपालिका प्राकृतिक सम्पदाले भरीपुर्ण गाउँपालिका मध्ये प्रमुख पर्दछ साथै पर्यटकीय दृष्टिकोणबाट हेर्दा एक दर्जन भन्दा बढी महत्वपुर्ण स्थानहरु यस गाउँपालिकामा विध्यमान छन् । प्रसस्तै सम्भावनाहरु छन । संघ र प्रदेश सरकारहरुबाट प्राप्त अनुदान र आन्तरिक श्रोतहरुलाईउचित ढंगबाट परिचालन गर्दा सन्दकपुरको समृद्धि पक्कै गर्न सकिन्छ ।जनप्रतिनिधिहरु शासक होइन सेवक हुन भन्ने कुरा हामीहरुले बुझेका छौ, जनतालाई प्रदान गर्न पर्ने आधारभुत सेवा सुविधा दिन हामी प्रतिवद्ध छौ साथै जनतालाई न्यायोचित ढंगबाट सुशासनको प्रत्याभुति दिने छौ ।

२१औ शताब्दी प्रविधिको विश्वमा बदलिदो परिवेशले हाम्रो जीवनशैली पनि समय सापेक्षा प्रिविधिमैत्रि हुनु पर्दछ, समयको माग र गतिलाई हामीले बुझ्नु र सोही अनुसार अघि बढ्नु आजको आवश्यकता हो ।सन्दकपुर गाउँपालिकावासी जनताहरुको मुख्य पेशा कृषि र पशुपालन नै हो । कृषिलाई व्यवसायीकरणगर्न यान्त्रिकरण, औजारीकरण,बजारीकरण गर्दै औद्योगिककरण गर्न स्थानीय सरकारले ठोस योजना ल्याउन पहल कदमी गर्ने छ । शिक्षा,स्वास्थ्य जस्ता संवेदनशिल क्षेत्रहरुमा समयानुकुल सुधार गरिने छ । कृषि पर्यटन धार्मिक पर्यटन र न्यायिकक्षेत्रमा समेत आन्तरिक र बाह्य पर्यटक भित्र्याउन पुर्वाधारको उचित व्यवस्थापमा जोड दिइने छ । युवा,महिला,जनजाति,दलित अपाङ्गता र जेष्ठ नागरिकहरुको हकहित,संरक्षण र विकासको लागि विषेश व्यवस्था गरि शसक्तीकरण र सम्मानको कार्यक्रम संचालन गरिनेछ । औद्योगिककरणको लागि निजी क्षेत्र सहकारी कम्पनीहरुसँग समन्वय सहकार्यमा उचित लगानीको वातावरण श्रृजना गरी थप रोजगारीको व्यवस्था गर्न सकिने छ । अन्त्यमा सन्दकपुरको समुचित विकास निर्माणका कार्यमा विषेश योगदान गर्नु हुने पुर्व प्रधानन्त्री तथा संघीय सासंद मा. झलनाथ खनाल ज्यु र प्रदेश नं.१का पर्यटन तथा संस्कृति मन्त्री मा. खिनु लङवा लिम्बु प्रति आभार प्रकट गर्दछु साथै थपयोगदानको अपेक्षा गर्दछु।

उपभोक्ता समितिहरु मार्फत सञ्चालित योजनाहरु र निर्माण व्यवसायीद्वारा संचालित आयोजनाहरु समयमा सम्पन्न नहुने र तोकिएको गुणस्तर केहीमा नपाईएको हुँदा उपभोक्ता समिति र निर्माण व्यवसायीहरुलाई लाई जवाफदेही र जिम्मेवार वन्न आग्रह गर्दछु । यस आ.व को नीति,कार्यक्रम तथा बजेट निर्माणमा सक्रिय सहभागी हुनु हुने सन्दकपुर गाउँपालिकाका जनप्रतिनिधिहरु र कर्मचारी वर्गमा सहयोग र योगदान प्रति धन्यवाद ज्ञापन गर्दछु ।

हरि बहादुर लुङ्गेली
उपाध्यक्ष
सन्दकपुर गाउँपालिका

# प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य



सन्दकपुर गाउँपालिकाको २० वर्षे गुरुयोजना र आवधिक योजना अनुसार जनताको भावना र माग वमोजिम यस आ व २०८०/०८१ को वजेट, नीति तथा कार्यक्रम समयमै ल्याउन सफल भएकोमा यस स्थानीय सरकार एवं सवै सन्दकपुर बासी नागरिकहरुमा हार्दिक बधाइ ज्ञापन गर्दछु।

२०७५ साल भदौ २१ गतेदेखि सेवा गर्दाको यस अवधिसम्म विविध अवसर र चुनौतिको लेखाजोखा गर्ने मौका नजिकबाट पाएको छु ,जसलाई सन्दकपुरको हितमा प्रयोग गरेको छु। जनतको मौलिक हक र कानुनद्वारा प्रदत्त अधिकारहरुलाई स्थानीय सरकारले ल्याएका नीति, वजेट तथा कार्यक्रमहरुमा प्रतिविम्वित गरी सुशासन प्रवर्धन गर्दै सरल, सहज र निष्षक्ष रुपमा कार्यान्वयन गर्न पाउँदा म आफूलाई भाग्यमानी ठान्दछु।

दोश्रो स्थानीय तह निर्वाचन २०७९ वाट जनताद्वारा निर्वाचित नयाँ सरकारको यस दोश्रो वार्षिक नीति वजेट तथा कार्यक्रमलाई सवै जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी र जनता मिलेर सफल कार्यान्वयन गर्नु हामी सवैको कर्तव्य हो र यसको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु।सन्दकपुर  गाउँपालिकाको महत्व र विशिष्टतालाई वुझेर आगामी पाँच वर्षभित्र नेपालकै उत्कृष्ट गाउँपालिका वनाउन सकौ।

**धन्यवाद।**

**महेश राई**
**प्रमुख प्रशासकीय अधिकृत**
**सन्दकपुर गाउँपालिका इलाम**

# बिषय सूची


बजेट वक्तव्य........ 1

१.परिचय र समीक्षा : ........ 1

१.१.सन्दकपुर गाउँपालिकाको संक्षिप्त परिचयः........ 1

गाउँपालिकाको नामाकरणः........ 2

भौगोलिक अवस्थिति र स्वरुप : ........ 2

क्षेत्रफल,जनसंख्या,जातिगत विवरण,परिवार संख्या र लैङ्गिक अनुपातः ........ 3

महत्वपूर्ण पर्यटकीय गन्तव्यहरुः........ 3

सन्दकपुरः........ 3

टोड्के झरनाः........ 4

ताल पोखरीः........ 4

माईपोखरीः ........ 4

हाँगेथामः........ 5

चोयाटार सामुदायिक वनः........ 5

जौबारी, तुम्लिङ्ग र मेग्माः ........ 6

माबुथामः ........ 6

चन्द्रपाल थेवे धाप पोखरीः ........ 6

छिन्टाप्पु :........ 6

माईखोला र पुवाखोला........ 7

१.२ आ.व. २०७९/८० को नीति तथा कार्यक्रमको समिक्षा : ........ 7

आर्थिक विकास क्षेत्रको संक्षिप्त समिक्षा :........ 8

सामाजिक विकास क्षेत्रको संक्षिप्त समिक्षा :........ 8

पूर्वाधार  विकास क्षेत्रको संक्षिप्त समिक्षा :........ 9

वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको संक्षिप्त समिक्षा :........ 10

संस्थागत  विकास,सेवा प्रवाह  र शुसासन क्षेत्रको संक्षिप्त समिक्षा :........ 11

- आ.व २०८०।८१ मा देखिएका मुख्य अवसर,चुनौति र समस्याहरु :........ 11

अवसर........ 11

कमजोर पक्ष :........ 12

चुनौति :........ 13

२.आर्थिक वर्ष २०८०।०८१ को नीति,कार्यक्रम तथा बजेट........ 14

२.१ सोंच, लक्ष्य, उद्देश्य........ 14


सन्दकपुर गाउँपालिका

सोंच : ........................................ 14

लक्ष्य : ........................................ 14

उद्देश्य : ........................................ 15

२.२.बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु : ........................................ 15

२.२.१.क्षेत्रगत नीति तथा कार्यक्रमहरु ........................................ 18

(क) आर्थिक विकास नीति तथा कार्यक्रमहरु : ........................................ 18

कृषि :........................................ 18

पर्यटन : ........................................ 19

सहकारी र उद्योगः ........................................ 21

शिक्षा :........................................ 21

स्वास्थ्य : ........................................ 23

युवा तथा खेलकुद क्षेत्र : ........................................ 24

लैंगिक समानता र सामाजिक समावेशिकरण ,सुरक्षा र संरक्षणः ........................................ 24

३.गाउँसभाबाट पारित गरिएका महत्वपूर्ण प्रस्तावहरु : ........................................ 31

क) गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम सम्बन्धी प्रस्तावहरुः ........................................ 31

ख)प्रशासनिक तथा नीतिगत निर्णयहरु........................................ 42

(ग) प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट आ.व. २०८०।०८१मा गरिने आयोजनाहरुको नाम : ........................................ 44

घ)सुशासन तथा सार्वजनिक वित्तिय व्यवस्थापन : ........................................ 45


सन्दकपुर गाउँपालिका

- हाल कार्यान्वयनमा रहेका साना तथा ठूला सिंचाई आयोजनाहरुलाई समयमै सम्पन्न गरिनेछ साथै त्यसका लागि प्रयाप्त बजेटको सुनिश्चित गरिनेछ ।
- गाउँपालिकामा सहकारी, निजी साझेदारीमा खोलिएका व्यवसायलाई प्रोत्साहन र नयाँ क्षेत्रको खोजी गरि कार्यान्वयनमा ल्याइनेछ ।
- सन्दकपुर गाउँपालिकामा पाईने रैथाने प्रजातिका खाद्यान्न बाली तथा बनस्पतीहरुलाई विषेश संरक्षण तथा सर्म्बद्धन गर्दै लगिनेछ साथै कृषकहरुलाई उन्नत वीउ विजन समेतको व्यवस्था गरिनेछ ।
- पशुपालनलाई विशेष प्राथमिकतामा राखी पशु विकास र स्वास्थ्य सम्बन्धी विषेश कार्यक्रमहरु ल्याईनेछ साथै हालै पशु चौपायमा देखापरेका **लम्पी स्कीन** महामारी जस्ता जटिल समस्याहरु रोकथामका लागि कृषकहरुलाई विशेष प्राविधिक सहयोगहरुको सेवा पर्याप्त मात्रामा पुऱ्याउँदै लगिनेछ ।
- गाउँपालिकालाई खाद्यान्न, साग-सब्जी, मासु, दुध र दग्धजन्य वस्तुहरुमा आत्मानिर्भर बनाउन कृषिका कार्यकमहरु सञ्चालन गरिने छ । कृषकका पशुहरुलाई विमाकृत गर्न जोड दिईनेछ । यस क्षेत्रको हावापानी सुहाउदो माछा पालन (ट्राउट) र नयाँ प्रजातीका पशुपंक्षी पालन कार्यकमहरु सन्चालन गरिनेछ ।
- निर्वाहमूखी कृषि प्रणालीलाई क्रमश व्यवसायमूखी बनाउँदै लैजान कृषि सामाग्री नयाँ प्रविधिमा लागत साझेदारी कार्यकमका माध्यमवाट भित्राईनेछ ।
- संकलन केन्द्र कम्तीमा एक प्रति वडा बनाउन आवश्यक कार्यहरु थालनी गर्ने र उत्पादनलाई सहकारी मार्फत बजारीकरण गर्न विषेश पहल गरिनेछ ।
- कृषक सम्मान तथा प्रोत्सहान कार्यक्रम, कृषि प्रदर्शनी कार्यक्रम जस्ता हौसला मिल्ने ज्ञान मिल्ने कार्यक्रमहरु ल्याईनेछ ।
- डेरी दुग्धजन्य उद्योगहरुलाई विषेश प्रर्वद्धात्मक कार्यक्रमहरु ल्याईनेछ । जनताको खाद्य सम्प्रभुताको अधिकारको सुरक्षाको लागि यस स्थानीय सरकारले संघ, प्रदेश, निजि क्षेत्रको सहयोग, समन्वय र साझेदारीमा नवीनतम् उपायहरुको खोजी गरि कार्यकमहरु तय गर्दै लगिने छ । यसका लागि आवश्यक पर्ने नीति तथा कानुन तर्जुमा गरि लागु गरिनेछ ।
- निजी क्षेत्रको पहल र लगानीमा पशुपालन मध्ये भेडापालन कार्यकमलाई प्रवर्दन गर्न समन्वय गरिनेछ

<u>पर्यटन :</u>

- सन्दकपुर गाउँपालिका स्थानीय सरकारले आर्थिक विकासको पर्यटन क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेको छ । सन्दकपुरको दिगो आर्थिक विकासको प्रमुख आधार र संवाहकको रुपमा पर्यटन क्षेत्रलाई विषेश प्राथमिकताका साथ विकास गरिनेछ । यसका लागि कमश सबै पर्यटकिय क्षेत्रका गुरुयोजना बनाईने छ । इलाम जिल्ला भित्रका अन्य स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारीमा पर्यटन कार्यकम संचालन गरिनेछ । रोङ गाउँपालिकाको जोर कलशमा पर्यटन सूचना केन्द्र स्थापना गर्न लागत साझेदारी गरिनेछ ।

सन्दकपुर गाउँपालिका

- प्राकृतिक स्वरुपको जगेर्ना र वातावरणीय सन्तुलनलाई समेत कायम गर्दै गाउँपालिकाको मुख्य पर्यटकीय स्थलहरु मध्ये यस वर्षदेखि माईपोखरीलाई पर्यटन पूर्वाधार सहित आकर्षक पर्यटकीय स्थलको रुपमा विकास गरिने कार्यक्रमको थालनी गरिएकोमा यस वर्ष पनि निरन्तरता दिदै नमुना माईपोखरी देउराली बजारसम्म पर्यटकिय सडक स्तरोन्नती गरिने छ ।
- **सन्दकपुर, छिन्टापु, जौवारी, टोड्के झरना, पाहाखोला झरना, छाँगेझरना, रातेखोला धप्पर झरना, हागेथाम ,मावुथाम, लालबासपोखरी, ढापपोखरी, गैरीवास ,कैयाकट्टा, कालपोखरी, दुवै विखेभञ्ज्याङ, सुतुलुङ्ग ढुङ्गा, डाईमण्ड स्टोन, श्रीहाङ्गजी ढुंगा, हाँडीदह,ढुङ्गे पानीको पसिने शिला, शंखे ढुङ्गा, मावुको फेदी देखि शिर सम्म रहेको धार्मिक र ऐतिहासिक प्राकृतिक गुफाहरु, लामा गुफा, याक्से गुफा, बनझाकी गुफा, बाक्लाङ्ग गुफा, छिन्टपु गुफा, पुरातात्वीक महत्वका बौद्ध धर्मलिपी शिला लेख** र मठमन्दिरहरुको संरक्षण गर्दै सन्दकपुर गाउँपालिका भित्रको सबै पर्यटकिय क्षेत्रहरुलाई क्रमैसँग प्राथमिकिकरण र स्रोत उपलब्धताको आधारमा एकीकृत पर्यटन गुरुयोजना अनुसार प्रर्वद्धन, संरक्षण तथा विकास गरिदै लगिनेछ ।
- माईपोखरी, सुलुवुङ्ग र माईमझुवाको सिमानामा अवस्थित रेडपाण्डा प्रजनन केन्द्र टप्पुको कार्यलाई पूर्णता दिइने र यसमा स्थानीय प्रजातिका जनावरहरुको समेत संरक्षण गर्दै यस रेडपाण्डा प्रजनन केन्द्रलाई बहु वन्यजन्तु संरक्षण केन्द्र र चिडियाखानाको रुपमा विकास गर्न विषेश पहल गरिनेछ । यसका लागि संघीय सरकार, प्रदेश सरकार र गैरसरकारी क्षेत्रसँग समन्वय गरि आवश्यक पर्ने कानुनी र प्राविधिक सहयोग लिई कार्यहरु अघि बढाईनेछ । यसका लागि नियमित रुपमा बजेटको व्यवस्थापन गरिनेछ ।
- सन्दकपुर क्षेत्रमा पाईने लोपन्मुख वन्यजन्तु जस्तै रेडपाण्डा, मुनाल, काडेभ्याकुर, कालो सालक, निगाले चितुवा, राजपन्छी, होड्ग्रे, पुतली, ठकठके र अन्य वन्यजन्तुको संरक्षण र पर्यापर्यटन विकासमा आवश्यक पहलकदमीको थालनी गरिने छ ।
- पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका यी ठाँउहरुमा क्रमशः पूर्वाधार निर्माण गरि व्यवसायिक लगानी गर्न स्थानीय सरकारको साझेदारीमा सहकारी र नीजि क्षेत्रलाई समेत प्रोत्साहन गरिनेछ ।
- होमस्टेहरुलाई अझै व्यवस्थित बनाउन नीजि क्षेत्रसँग समन्वय र सहकार्य गरिदै लगिनेछ । सामुदायिक होमस्टे निर्माणको लागि विशेष पहलकदमीका साथै संचालन गर्न आवश्यक पर्ने सीपमुलक कार्यक्रमहरु तय गरिनेछ । स्थानीय जातजाती,पहिचान, भाषा, संस्कृति, कला, साहित्य, रहनसहन, परम्परा र रितिरिवाजहरुको संरक्षण, प्रर्वधन र प्रचारप्रसार होमस्टेको माध्यमबाट गरिनेछ । यसका लागि आवश्यक विभिन्न क्रियाकलापहरुका लागि प्रत्येक वर्ष बजेटको व्यवस्थापन गरिने छ ।
- वन क्षेत्रमा पाइने चराचुरुङ्गी तथा वन्य जन्तुहरुको संरक्षणमा सरोकारवालाहरुसँगको कार्यमा सहकार्य र समन्वय गरिनेछ ।
    - पर्यटन सुचना केन्द्रहरु आवश्यकता र सम्भाव्यताका आधारमा स्थापनामा पहल गरिने छ ।



सन्दकपुर गाउँपालिका

**सहकारी र उद्योग:**

- सहकारी मार्फत जनताको जीवनस्तर सुधार गर्नको लागि कृषि सहकारीहरुलाई प्रर्वद्धन गर्दै साझेदारीमा कार्यक्रमहरु ल्याईनेछ साथै अनुदानका कार्यक्रमहरु समेत ल्याईनेछ ।
- सफ्टवेरमा आधारित सहकारी प्रवर्द्धनका कार्यमा सहकारीसँग लागत साझेदारी गरिनेछ ।
- **"एक वडा एक समृद्ध सहकारी"** को नीति अवलम्वन गरि सहकारी क्षेत्रलाई आर्थिक विकासको मुल आधारको रुपमा र कृषकको नजिकको साहारा र साथीको रुपमा सहकारीलाई एकिकरण र विकास गर्दै चलायमान, सक्षम र सफल बनाउन अभियानकै रुपमा आगामि पाँच वर्ष भित्र विभिन्न कार्यक्रमहरु ल्याईनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका साना ठूला उद्योग तथा व्यापारलाई प्रोत्साहन गर्दै यहाँ पाइने कच्चा पदार्थको आधारमा आधुनिक उद्योगहरु सञ्चालन गर्न निजि क्षेत्रसँग समन्वय गरिनेछ । परम्परागतरुपमा सञ्चालन भई आएका उत्पादनमूलक र सीपमूलक घरेलु उद्योगहरुलाई विषेश रुपमा विकास र प्रर्वद्धन गरी रोजगारीको समेत श्रृजना गरिनेछ । मेडपा कार्यक्रमको लक्ष्य अनुरुप लघुउद्यमी तयार गरी उद्यम विकासमा सहजीकरण र समन्वय गरिनेछ ।
- सन्दकपुर गाउँपालिका भित्रका नागरिकहरुको सेयर लगानीमा हुने गरी पर्यटन सहकारीको माध्यमवाट पर्यटन पूर्वाधार विकास साथै गतिविधि संचालन गरिनेछ ।
- विगतमा लिएका सफल नीतिहरुलाई क्रमश: लागु गर्दै, आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

**(ख) सामाजिक विकास नीति तथा कार्यक्रमहरु:**

**शिक्षा :**

- गाउँपालिका स्तरीय एक नमुना विद्यालयको स्थापना गर्ने नीतिलाई परिस्कृत गरि जीवनोपयोगी सिपमुलक शिक्षा,प्रयोगात्मक,गुणस्तरीय, प्रविधियूक्त वैज्ञानिक शिक्षामा जोड दिई दक्ष जनशक्तिको विकास गरिनेछ ।
- सन्दकपुर गाउँपालिकाले हाल कक्षा ६ देखि ८ सम्मको आफ्नो स्थानीय पाठ्यक्रम बनाईसकेको हुदाँ आगामी शैक्षिक सत्र देखि लागु हुने गरि स्थानीय भाषालाई समेत प्राथमिकतामा राखी कक्षा १ देखि ५ सम्मको **"हाम्रो सन्दकपुर "** नामक स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा ६ देखि ८ को सर्न्दभ सामाग्री लागू गरिनेछ ।
- विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरिएको हुनाले विद्यालयमा हुने सबै प्रकारका अप्रगिक क्रियाकलापहरुलाई पूर्ण रुपमा शुन्य पारिने छ ।
- विद्यालयहरुमा खेलमैदान र ईन्टरनेटको व्यवस्था गरिँदै लगिनेछ साथै विद्यार्थीहरुको चौतर्फी विकासको लागि शैक्षिक भ्रमण तथा अत्तिरिक्त क्रियाकलापहरु नियमति रुपमा संचालन गर्न विषेश योजनाहरु ल्याईनेछ ।
- शिक्षा क्षेत्रमा दण्ड र पुरस्कारको नीति अवलम्बन गरिनेछ । प्रधानाध्यपकहरुलाई शिक्षण सिकाई सुधार गरी राम्रो उपलब्धी हासिल गराउने अभिप्रायले प्रोत्सहान स्वरुप मासिक भत्ता उपलव्ध गराईनेछ ।

## २.३.प्रशासनिक(चालू ) र पुँजीगत खर्च :

यस आर्थिक वर्षमा २०८०।०८१ मा कुल रु.४०५५०३३२२।५० बजेट विनियोजन गरिएको छ । जस मध्ये शर्शत अनुदान, संघ समपुरक अनुदान,विषेश अनुदान रकम बाहेक संघीय समानीकरण अनुदान, संघ राजश्व वाँडफाड, प्रदेश समानीकरण अनुदान,प्रदेश समपूरक ,प्रदेश राजश्व वाँडफाड, गाउँपालिकाको आन्तरिक श्रोत र अनुमानित अल्या रकम गरी गाउँपालिकाले बजेट बाँडफाड गर्ने रकम रु १८,८०,०४,३२२.५० (अठार करोड असीलाख चार हजार तीन सय बाईस रुपैया पचास पैसा मात्र) रहेको छ । जसमध्ये प्रशासनीक खर्च चालू तर्फ रु २६,५०,४२,५२४.५५( छबिस करोड पचास लाख बयालिस हजार पाँच सय चौबिस रुपैया पचपन्न पैसा मात्र) र पूँजीगत खर्च तर्फ रु १४,०४,६०,७९७.९५(चौध करोड चार लाख साठ्ठी हजार सात सय सन्ताउन्न रुपैया पन्चनब्बे रुपैया मात्र) विनियोजन गरिएको छ ।

## २.३.१.गाउँपालिकाको आम्दानी खर्चको कुल विवरण निम्नानुसार रहेको छ ।

| सि.न. | आय स्रोत | आय रकम | सि.नं. | व्यय शिर्षक | व्यय रकम |
|---|---|---|---|---|---|
| १ | अल्या | ५७४००७८.१३ | १ | आर्थिक विकास | ८३५५८८६२.८२ |
| २ | आन्तरीक आम्दानी | १५७०९९२१.८७ | २ | सामाजिक विकास क्षेत्र | १८०९६७४९३.२५ |
| ३ | संघीय सरकार समानीकरण अनुदान | ८१२००००० | ३ | पुर्वाधार विकास | ५७६४८०९७.९५ |
| ४ | प्रदेश सरकार समानीकरण अनुदान | ४८०१००० | ४ | (सुशासन तथा अन्तर सम्बन्धीत क्षेत्र )-बन वातावरण तथा जलबायु,विपद् व्यवस्थापन, संस्थागत विकास वित्तीय सुशासन तथा व्यवस्थापन | १५१६२२६८.४८ |
| ५ | संघीय सरकार राजश्व बाँडफाड | ७५९५९३२२.५० | ५ | | |
| ६ | प्रदेश सरकार राजश्व सवारी साधनकर बाँडफाड | ४५९४००० | ६ | | |
| | | | ७ | प्रशासनिक खर्च | ६८१६६६०० |
| ७ | प्रदेश सरकार समपूरक अनुदान चालू | १००००००००.०० | ८ | सवै सर्शत, समपूरक र विषेश कार्यक्रमका शिर्षकहरुमा खर्च हुने | |
| ८ | संघीय सरकार सर्शत अनुदान चालू | ४६७००००००.०० | | | |
| ९ | प्रदेश सरकार सर्शत अनुदान | १३०९९०००.०० | | | |
| १० | संघीय सरकार समपूरक अनुदान चालू | ५००००००.०० | | | |
| ११ | संघीय सरकार विषेश अनुदान चालू | ५००००००.०० | | | |
| कुल जम्मा आय | | ४०५५०३३२२.५० | | कुल जम्मा व्यय | ४०५५०३३२२.५० |
| चालीस करोड पचपन्न लाख तीन हजार तीन सय बाइस रुपैया पचास पैसा मात्र । | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ढापपोखरी पदमार्ग | | | | |
| ७ | विद्युतीकरण वडा नं १ | माईपोखरी | ५०००० | संघीय सरकार | |
| ८ | देउराली होङ्ग्रे सडक | माईपोखरी | २०००० | संघीय सरकार | |
| ९ | माईपोखरी स्वास्थ्य चौकी भवन निर्माण | माईपोखरी | १०००० | संघीय सरकार | |
| १० | माईपोखरी र इ न पा बिचको पुवाखोला वडा नं ३ जोडने पक्की पुल | माईपोखरी | २०००० | संघीय सरकार | |
| ११ | पुवाखोला आलुबारी छाँगे भित्ते सिँचाई आयोजना | माईपोखरी | २०००० | संघीय सरकार | |
| १२ | टप्पु प्रतिक्षालय भवन निर्माण | माईपोखरी | १०००० | प्रदेश सरकार | |
| १३ | हाडिदह स्थान कुण्ड विकास तथा संरक्षण | माईपोखरी | २०००० | प्रदेश सरकार | |
| १४ | खेल मैदान निर्माण | | ५०००० | | |
| १५ | सात खाल्टे सहिद पार्क निर्माण | माईपोखरी | २०००० | प्रदेश सरकार | |
| १६ | व्यवसाहिक पशुपालन कार्यक्रम | माईपोखरी | १०००० | प्रदेश सरकार | |
| १७ | बृहत माछापालन पोखरी निर्माण | माईपोखरी | २०००० | प्रदेश सरकार | |
| १८ | तीन दोबाने चाम्लिङ्गडाँडा साना सिँचाई आयोजना | माईपोखरी | २०००० | प्रदेश सरकार | |
| १९ | छाँगे झरना पुर्वाधार विकास तथा सौन्दर्यकरण | माईपोखरी | २०००० | प्रदेश सरकार | |
| २० | देउराली रत्नौले भन्ज्याङ्ग होङ्ग्र अधिकारी सडक निर्माण | माईपोखरी | ५०००० | प्रदेश सरकार | |
| २१ | केचना कंचनजंगा सडक निरन्तरता | माईमझुवा | १००००० | संघीय सरकार | |
| २२ | बेसारे भुसुने माईखोला झो पु | माईमझुवा | १०००० | संघीय सरकार | |
| २३ | हरिसेडाँडा फेमेगुरु ठाडेखोला झो पु | माईमझुवा | १०००० | संघीय सरकार | |
| २४ | माई टु माई (सन्दकपुर कनकाई माई) रिभर सफारी ट्रेकिङ्ग | माईमझुवा | ५०००० | संघीय सरकार | |
| २५ | छिन्टापु जीवन दर्शन पार्क निर्माण | माईमझुवा | २०००० | संघीय सरकार | |
| २६ | बिब्ल्याटे माईपोखरी बुधबारे सन्दकपुर सडक | माईमझुवा | १०००००० | संघीय सरकार | |
| २७ | गोठइस्टे कार्यक्रम सन्दकपुर २ नं वडा | माईमझुवा | २०००० | संघीय सरकार | |
| २८ | हाईअल्टिचियुट खेलमैदान निर्माण | माईमझुवा | ३०००० | संघीय सरकार | |
| २९ | कृषी र पशु क्षेत्रमा विमा | माईमझुवा | | संघीय सरकार | |
| ३० | देउराली जितपाले सिमखर्क गुफा लुङचोक रामखर्क सडक | माईमझुवा | | प्रदेश सरकार | |
| ३१ | वडा भवन गोरुवाले सन्दकपुर सडक | माईमझुवा | | प्रदेश सरकार | |
| ३२ | खवासडाँडा याङ्गा टोड्के झरना शंखेगोलाई सडक | माईमझुवा | | प्रदेश सरकार | |
| ३३ | बरफेद याङमा बाटाटार फेमेगुरु डाँडाबारी छाँगे खोला सरस्वती आ वि मारुने खोपी सडक | माईमझुवा | | प्रदेश सरकार | |
| ३४ | टोड्के झरना पर्यटन पुर्वाधार निर्माण | माईमझुवा | | प्रदेश सरकार | |
| ३५ | सन्दकपुर पर्यटन पुर्वाधार निर्माण | माईमझुवा | | प्रदेश सरकार | |
| ३६ | छिन्टापु पर्यटन पुर्वाधार निर्माण | माईमझुवा | | प्रदेश सरकार | |
| ३७ | रेडपाण्डा प्रजन्न केन्द्र पुर्वाधार निर्माण | माईमझुवा | | प्रदेश सरकार | |
| ३८ | धप्पर झरना पुर्वाधार निर्माण | माईमझुवा | | प्रदेश सरकार | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | ताल पोखरी पुर्वाधार निर्माण | माईमझुवा | | प्रदेश सरकार | |
| ४० | फुस्रे पोखरी पुर्वाधार निर्माण | माईमझुवा | | प्रदेश सरकार | |
| ४१ | जङ्गचौक लुरिङटार नेम्माङ चौतारा सडक स्तरोन्नती | सुलुबुङ्ग | | प्रदेश र स्थानिय सरकार | |
| ४२ | सानीमाई ढकालटार चुँडालडाँडा गैरीगाउँ सडक स्तरोन्नती | सुलुबुङ्ग | | प्रदेश र स्थानिय सरकार | |
| ४३ | दृष्टीविहिन सडक स्तरोन्नती | सुलुबुङ्ग | | प्रदेश र स्थानिय सरकार | |
| ४४ | कृषि क्षेत्रको लागि डि.पि.आर. निर्माण | सुलुबुङ्ग | | प्रदेश र स्थानीय तह | |
| ४५ | जिरे खोला मुहान पहिचान गरी सानीमाई चौक हर्जुन लुङ्गेलीको घर डाँडागाउँ लकान्द्रीगाउँ सम्म खानेपानी विस्तार | सुलुबुङ्ग | | प्रदेश र स्थानीय तह | |
| ४६ | पाखोला पूर्णे पोखरी खानेपानी मर्मत | सुलुबुङ्ग | | प्रदेश र स्थानीय तह | |
| ४७ | लुकुवा खा.पा. साविक सुलुबुङ ७ को खा.पा. मर्मत | सुलुबुङ्ग | | प्रदेश र स्थानीय तह | |
| ४८ | जिरे खा.पा. साविक ६/८ को खा.पा. मर्मत | सुलुबुङ्ग | | प्रदेश र स्थानीय तह | |
| ४९ | हिटीधारा खोल्याङ्ग सिमसार संरक्षण साथै पोखरी निर्माण | सुलुबुङ्ग | | प्रदेश र स्थानीय तह | |
| ५० | गाउँपालिका भुल्के कालो पत्रे सडक | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ५१ | सानिमाई चाँपगैरी कालो पत्रे सडक | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ५२ | गाउँपालिका, हस्पिटल -याङ्गा  सडक स्तरोन्नति | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ५३ | दारी भञ्ज्याङ्ग,झिल्के- देउराली कालो पत्रे सडक | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ५४ | गजुरमान चौतारा, गुहेले-हाइड्रो सडक स्तरोन्नति | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ५५ | शिखर भञ्ज्याङ्ग, पानिचोक-बाटाघर सडक स्तरोन्नति | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ५६ | देउराली बजार सार्वजनिक शौचालय निर्माण | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ५७ | सातखाल्डे शहिद खेलमैदान | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ५८ | सामुदायिक भवन तल्ला थप | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ५९ | चाँपगैरी सानीमाई वडा कार्यालय तीन महिने कट्टेलमोड सडक स्तरोन्नती | सुलुबुङ्ग | | प्रदेश सरकार | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६० | खहरेखोला वालनिकेतन सडक स्तरोन्नती | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ६१ | सुत्लुङ्ग पर्यटन पुर्वाधार निर्माण | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ६२ | गैरीगाउँ चुलिथुम्की दृष्यावलोकन पुर्वाधार निर्माण | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ६३ | पूर्णेपोखरी संरक्षण | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ६४ | टप्पु क्षेत्र स्तरोन्नती | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ६५ | महिला सुनाखरी बहुउदेश्यीय सहकारी संस्था लि. को भवन निर्माण | सुलुबुङ्ग | | प्रदेश सरकार | |
| ६६ | गाउँघर क्लिनिक निर्माण | सुलुबुङ्ग | | प्रदेश सरकार र स्थानीय तह | |
| ६७ | टारी खेलमैदान निर्माण | सुलुबुङ्ग | | प्रदेश सरकार र स्थानीय तह | |
| ६८ | दाहालखोला, सेतीखोला, खहरे, हिटी खोल्सा, खरिबोटे खोल्सा, सानीमाई खोला, माई किनारमा तटबन्ध निर्माण | सुलुबुङ्ग | | संघ तथा प्रदेश सरकार | |
| ६९ | माईपोखरी पर्यटन पुर्वाधार निर्माण | सुलुबुङ्ग | | संघ तथा प्रदेश सरकार | |
| ७० | मगर गुम्वा निर्माण | सुलुबुङ्ग | | संघ तथा प्रदेश सरकार | |
| ७१ | गुरुङ्ग गुम्बा निर्माण | सुलुबुङ्ग | | संघ तथा प्रदेश सरकार | |
| ७२ | किँरात राई यायोक्खा माङ्सिम घर निर्माण | सुलुबुङ्ग | | संघ तथा प्रदेश सरकार | |
| ७३ | होसन्ना जागृती मण्डली चर्च भवन निर्माण | सुलुबुङ्ग | | संघ तथा प्रदेश सरकार | |
| ७४ | किँरात लिम्बु माङ्हिम घर निर्माण | सुलुबुङ्ग | | संघ तथा प्रदेश सरकार | |
| ७५ | नर्वदेश्वर शिव पाञ्चायन मन्दिर | सुलुबुङ्ग | | संघ तथा प्रदेश सरकार | |
| ७६ | वडा कार्यालयको तला थप | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानिय सरकार | |
| ७७ | उन्नत जातको विउविजन वितरण | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ७८ | नस्ल सुधारको लागि सेक सिमेनको उपलब्धता। | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ७९ | कृषि वजारको विस्तार तथा सित भण्डार गृहको निर्माण | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ८० | लोक्ता प्रशोधन केन्द्रको स्थापना | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८१ | लुरिङटार स्वास्थ्य चौकीको स्तरोन्नती तथा ब्यवस्थापन | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ८२ | दाहालखोला लुकुवा टारीबेँसी कुलो | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ८३ | मलाते खानेपानी | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ८४ | माइपोखरी संस्कृत मा.वि. को फर्निचर ब्यवस्थापन | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ८५ | सन्दकपुर गा.पा. वडा नं ३ का विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ८६ | विद्यालयहरुमा इन्टरनेट सन्जालको विस्तार | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ८७ | जनजातीको भाषा संस्कृती उत्थान तथा क्षमता विकास साथै अधिकृद्धी कार्यक्रम | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ८८ | महिलाको क्षमता विकास कार्यक्रम | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ८९ | फरक क्षमताको ब्यक्तिको शसक्तिकरण कार्यक्रम | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ९० | दलित सिप विकास तथा क्षमता विकास कार्यक्रम | सुलुबुङ्ग | | संघ प्रदेश र स्थानीय तह | |
| ९१ | सरस्वती मा.वि. को पक्की भवनको छतमा ट्रस्टबाट सामुदायिक सभाहल निर्माण | सुलुबुङ्ग | | संघ प्रदेश सरकार र स्थानिय तह | |
| ९२ | अत्रेश्वर शिव पाञ्चायन मन्दिर निर्माण | सुलुबुङ्ग | | संघ सरकार | |
| ९३ | सत्याधुनि वेदाश्रम शिव  मन्दिर मर्मत संभार | सुलुबुङ्ग | | संघ सरकार | |
| ९४ | टासी छोछोलिङ्ग गुम्बा मर्मत संभार | सुलुबुङ्ग | | संघ सरकार | |
| ९५ | बन्दुके प्रहरी चौकीको भवन निर्माण | सुलुबुङ्ग | | संघ सरकार | |
| ९६ | विद्युत विस्तार हुन बाँकी सवै क्षेत्रमा विधुत विस्तार | सुलुबुङ्ग | | संघ सरकार | |
| ९७ | विद्युत लाईन तथा ट्रान्सफर्मरको क्षमतामा बृद्दी साथै विधुत तारमा सुधार ल्याउने | सुलुबुङ्ग | | संघ सरकार | |
| ९८ | नक्कले ढुङ्गेखोला हुँदै मुडे सडक स्तरोन्नती | सुलुबुङ्ग | | स्थानीय तह | |
| ९९ | चिसापानी खोल्सी सानीमाई खरिबोटे कुलो स्तरोन्नती | सुलुबुङ्ग | | स्थानीय तह | |
| १०० | लुकुवा थरीगाउँ सिंचाई योजना | सुलुबुङ्ग | | स्थानीय तह | |
| १०१ | सिंचाईको लागि पाईप वितरण | सुलुबुङ्ग | | स्थानीय तह | |
| १०२ | अमलेघाट मलामी टहरो मर्मत | सुलुबुङ्ग | | स्थानीय तह | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०३ | सेतीखोला मलामी टहरो निर्माण | सुलुबुङ्ग | | स्थानीय तह | |
| १०४ | हिटी आहाले मलामी टहरो मर्मत | सुलुबुङ्ग | | स्थानीय तह | |
| १०५ | राईटार धुवाँखोला सडक | माबु | | संघ | |
| १०६ | चप्लेटी फुन्चेबुङ्ग भकारे काजपाते भिरगाउँ मिरिक सडक | माबु | | सडक विकास वोर्ड | |
| १०७ | जोरधारा पैयुँबोटे फेमेगुरु सडक | माबु | | सडक विकास वोर्ड | |
| १०८ | साविक माबु ९ पक्कु हाङमादेन सडक | माबु | | साना सहरी | |
| १०९ | इलाम सन्दकपुर पर्यटकीय सडक | माबु | | प्रदेश | |
| ११० | कोकेटार मिरिक दोवाटे सडक | माबु | | प्रदेश | |
| १११ | तोरीवारी हिले सडक | माबु | | प्रदेश | |
| ११२ | लामाडाँडा मिलनचोक पक्कु जमुना सडक | माबु | | प्रदेश | |
| ११३ | सिमचोक मुलचोक हिले सडक | माबु | | गा पा | |
| ११४ | गुम्बा भकारे शेर्पागाउँ सडक | माबु | | गा पा | |
| ११५ | चप्लेटी तिनतला माझतला माइमझुवा सडक | माबु | | गा पा | |
| ११६ | भाङ्गटार भुसुने टोड्के झरना सडक | माबु | | गा पा | |
| ११७ | गैरीगाउँ फुन्चेबुङ भिरखर्क सडक | माबु | | गा पा | |
| ११८ | खोलाघारी सडक | माबु | | गा पा | |
| ११९ | हाङमादेन जौबारी सडक | माबु | | गा पा | |
| १२० | हरिषे रत्नाउले सडक | माबु | | गा पा | |
| १२१ | मगर गुम्बा सडक | माबु | | गा पा | |
| १२२ | फागोगाउँ लिम्बु फड्के सडक | माबु | | गा पा | |
| १२३ | भिरगाउँ नेपाने सडक | माबु | | गा.पा. | |
| १२४ | विशेष हेदुलाल सडक | माबु | | | |
| १२५ | खोलाघारी जमुना झोलुङ्गे पुल | माबु | | प्रदेश | |
| १२६ | माबु पक्कु सुलुबुङ सिकारी गाउँ झोलुङ्गे पुल | माबु | | प्रदेश | |
| १२७ | तोरीबारी माबु खोलाघारी माइमझुवा झोलुङ्गे पुल | माबु | | प्रदेश | |
| १२८ | धुवाँखोला ओडारे झोलुङ्गे पुल | माबु | | प्रदेश | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५२ | सुर्के ओडारे मिरिक सिँचाइ योजना | माबु | | सिँचाई | |
| १५३ | सेते खोला सिँचाइ योजना | माबु | | सिँचाई | |
| १५४ | गैरीगाउँ सिँचाइ योजना | माबु | | सिँचाई | |
| १५५ | प्रवोध मा.वि. माध्यमिक तह स्वीकृति, दरबन्दी, फर्निचर | माबु | | संघ | |
| १५६ | राष्ट्रिय आ.वि. फर्निचर, घेराबार, फोटोकपी मेसिन | माबु | | संघ | |
| १५७ | माबु आ.वि. फर्निचर, घेराबार, फोटोकपी मेसिन | माबु | | संघ | |
| १५८ | नवज्योति आ.वि. फर्निचर, घेराबार, फोटोकपी मेसिन | माबु | | संघ | |
| १५९ | माबु स्वास्थ्य चौकी भवन | माबु | | प्रदेश | |
| १६० | सायाबुङ टोल फागोगाउँमा स्वास्थ्य क्लिनिक भवन | माबु | | गा पा | |
| १६१ | सुर्योदय टोल हिलेमा स्वास्थ्य क्लिनिक भवन निर्माण | माबु | | गा पा | |
| १६२ | माबुथाम टोल हाङमादेनमा स्वास्थ्य क्लिनिक भवन | माबु | | गा पा | |
| १६३ | माबुथाम भ्युटावर खानेपानी योजना | माबु | | संघ | |
| १६४ | श्रीहाङजी वृहत खानेपानी योजना | माबु | | संघ | |
| १६५ | डाँडागाउँ मिलनचोक पक्कु खानेपानी योजना | माबु | | प्रदेश | |
| १६६ | बतासे खानेपानी योजना | माबु | | संघ | |
| १६७ | हाङमादेन खानेपानी योजना | माबु | | प्रदेश | |
| १६८ | जौबारी खानेपानी योजना | माबु | | प्रदेश | |
| १६९ | सायङवा खानेपानी योजना | माबु | | प्रदेश | |
| १७० | कृषि उपज संकलन केन्द्र | माबु | | कृषि ज्ञान केन्द्र | |
| १७१ | आलु विकास कार्यक्रम | माबु | | कृषि ज्ञान केन्द्र | |
| १७२ | गोठ सुधार कार्यक्रम | माबु | | प्रदेश | |
| १७३ | सागसब्जी तथा फलफुल प्रोत्साहन कार्यक्रम | माबु | | कृषि ज्ञान केन्द्र | |
| १७४ | जडीबुटी खेती विस्तार कार्यक्रम/लोक्ता, लेमचोङ | माबु | | जिल्ला वन | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७५ | खेलमैदान स्तरोन्नती साविक मावु ९ | माबु | | संघ | |
| १७६ | खेलकुद विकास कार्यक्रम | माबु | | संघ | |
| १७७ | विद्युत विस्तार कार्यक्रम | माबु | | संघ | |
| १७८ | जमुना पाटी गाँउ इङ्गला खोला पक्की पुल | जमुना | | संघीय सरकार | |
| १७९ | हाँगेथाम चोयाटार जौबारी पर्यटन पर्वद्धन कार्यक्रम | जमुना | | संघीय सरकार | |
| १८० | सिस्नेफेदी इङ्गला पक्की पुल | जमुना | | संघीय सरकार | |
| १८१ | गजाधर धनमाया रंगशाला | जमुना | | संघीय सरकार | |
| १८२ | सापकोटाडाँडा इङ्गला आले भन्ज्याङ्ग सडक कालोपत्रे | जमुना | | संघीय सरकार | |
| १८३ | धुवाखोला जमुना इङ्गला रिङ्ग रोड | जमुना | | संघीय सरकार | |
| १८४ | जमुना स्वास्थ्य चौकी भवन | जमुना | | प्रदेश सरकार | |
| १८५ | ढापपोखरी पर्यटन क्षेत्र संरक्षण कार्यक्रम | जमुना | | प्रदेश सरकार | |
| १८६ | गौरेश्वर शिवालय सामुदायिक विकास केन्द्र निर्माण | जमुना | | प्रदेश सरकार | |
| १८७ | पुरात्विक मणि सिलालेख संरक्षण इङ्गला | जमुना | | प्रदेश सरकार | |
| १८८ | पाखोला झरना रगगार्डन निर्माण | जमुना | | प्रदेश सरकार | |
| १८९ | जौबारी गुम्बा भवन निर्माण | जमुना | | प्रदेश सरकार | |
| १९० | ५ नं वडा कार्यालय तला थप तथा घेराबारा निर्माण | जमुना | | प्रदेश सरकार | |

सन्दकपुर गाउँपालिका

